जीवन विकास लघुवित्त वित्तीय संस्था लि.
JEEVAN BIKAS LAGHUBITTA BITTIYA SANSTHA LTD.

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)
Central Office: Katahari-2, Morang

INTERIM FINANCIAL STATEMENTS

Unaudited Condensed Statement of Financial Position (As per NFRS)
As on Quarter Ended 31 Ashoj 2083

Nrs.

Particulars	This Quarter Ending	Immediate Previous Year Ending
Assets		
Cash & Cash Equivalents	1,732,183,761	1,511,956,630
Statutory Balances and Due from Nepal Rastra Bank	145,000,000	145,000,000
Placement with Banks & Financial Institutions	-	-
Derivative Financial Institutions	-	-
Other Trading Assets	-	-
Loans and Advances to MFIs & Cooperatives	-	-
Loan & Advances to Customers	31,763,585,027	30,926,696,149
Investment Securities	-	-
Current Tax Assets	499,881,488	498,618,884
Investment Property	-	-
Property and Equipment	418,877,825	386,144,685
Goodwill and Intangible Assets	-	-
Deferred Tax Assets	341,027,313	341,027,313
Other Assets	502,289,640	486,477,813
Total Assets	**35,402,845,054**	**34,295,921,474**
Liabilities		
Due to Bank and Financial Institutions	11,096,687,953	10,894,520,150
Due to Nepal Rastra Bank	-	-
Derivative Financial Instruments	-	-
Deposits from Customers	15,358,503,632	14,675,946,354
Borrowings		
Current Tax Liabilities	86,361,535	463,810,468
Provisions	-	-
Deferred Tax Liabilities	-	-
Other Liabilities	3,127,053,132	3,359,079,075
Debt Securities Issued	-	-
Subordinated Liabilities	-	-
Total Liabilities	**29,668,606,252**	**29,393,356,047**
Equity		
Share Capital	1,751,235,562	1,751,235,562
Share Premium	-	-
Retained Earnings	1,552,281,970	1,401,636,399
Reserves	2,430,721,270	1,749,693,467
Total Equity	**5,734,238,802**	**4,902,565,427**
Total Liabilities and Equity	**35,402,845,054**	**34,295,921,474**

Condensed Statement of Profit and Loss
As on Quarter Ended 31 Ashoj 2083

NRs.

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter	This Quarter	Upto This Quarter
Interest Income	1,102,662,727	1,102,662,727	1,048,018,940	1,048,018,940
Interest Expense	497,735,558	497,735,558	490,702,224	490,702,224
Net Interest Income	**604,927,168**	**604,927,168**	**557,316,716**	**557,316,716**
Fee and Commission Income	80,265,798	80,265,798	65,256,704	65,256,704
Fee and Commission Expense	64,751	64,751	79,998	79,998
Net Fee and Commission Income	**80,201,048**	**80,201,048**	**65,176,706**	**65,176,706**
Net Interest, Fee and Commisson Income	**685,128,216**	**685,128,216**	**622,493,423**	**622,493,423**
Net Trading Income	-	-	-	-
Other Operating Income	7,862,779	7,862,779	8,121,876	8,121,876
Total Operating Income	**692,990,995**	**692,990,995**	**630,615,299**	**630,615,299**
Impairment Charge/ (Reversal) for Loans and Other Losses	23,864,405	23,864,405	(79,613,239)	(79,613,239)
Net Operating Income	**669,126,590**	**669,126,590**	**710,228,538**	**710,228,538**
Operating Expense	**390,749,534**	**390,749,534**	**343,572,239**	**343,572,239**
Personnel Expenses	325,409,496	325,409,496	283,080,940	283,080,940
Other Operating Expenses	61,417,544	61,417,544	58,415,716	58,415,716
Depreciation & Amortisation	3,922,493	3,922,493	2,075,583	2,075,583
Operating Profit	**278,377,057**	**278,377,057**	**366,656,299**	**366,656,299**
Non Operating Income	9,494,728	9,494,728	11,954,908	11,954,908
Non Operating Expense	-		170,241,126	170,241,126
Profit Before Income Tax	**287,871,784**	**287,871,784**	**208,370,081**	**208,370,081**
Income Tax Expense				
Current Tax	86,361,535	86,361,535	62,511,024	62,511,024
Deferred Tax	-	-	-	-
Profit for the Period	**201,510,249**	**201,510,249**	**145,859,057**	**145,859,057**

Condensed Statement of Comprehensive Income

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter	This Quarter	Upto This Quarter
Profit for the Period	**201,510,249**	**201,510,249**	**145,859,057**	**145,859,057**
Other Comprehensive Income	-	-	-	-
Total Comprehensive Income	**201,510,249**	**201,510,249**	**145,859,057**	**145,859,057**
Basic Earning per share	-	46.03	-	37.98
Annualized Basic Earing Per Share	-	46.03	-	37.98
Diluted Earning per share	-	46.03	-	37.98

Ratios as per NRB Directives

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter	This Quarter	Upto This Quarter
Capital Fund to RWA		13.74%		11.92%
Non-Performing Loan (NPL) to Total Loan		5.90%		4.62%
Total Loan Loss Provision to Total NPL		112.95%		149.15%
Cost of Funds		7.30%		8.04%
Credit to Deposit and Borrowing Ratio		124.76%		126.78%
Base Rate		12.31%		13.30%
Interest Rate Spread		7.10%		6.70%

Details about the Distributable Profit for the Quarter

Particulars	NPR
Net Profit for the period end 1st Quarter	**201,510,249**
1. Appropriations	
1.1 Profit required to be appropriated to:	**48,362,460**
a. General Reserve	40,302,050
b. Capital Redemption Reserve	-
c. Foreign Exchange Fluctuation Fund	-
d. Corporate Social Responsibility	2,015,102
e. Employee Training Fund	-
f. Client Protection Fund	6,045,307
g. Other	-
1.2 Profit required to be transferred to Regulatory Reserve:	**2,502,218**
a. Transfer to Regulatory Reserve	2,502,218
b. Transfer from Regulatory Reserve	
c. Restructure fund writeback	-
Net Profit for the period end 1st Quarter available for distribution	**150,645,571**
Opening Retained Earning 1 Shrawan 2083	1,401,636,399
Distribution:	**1,552,281,970**
Total Distributable Profit or (loss) as on quarter end date	**1,552,281,970**
Annualised Distributable Profit/loss per Share	88.64

Notes:

1. The above Financial Statements have been prepared in accordance with Nepal Financial Reporting Standards (NFRS) and certain carve-outs issued by the Institute of Chartered Accountants of Nepal (ICAN).
2. Loans and Advances are presented net of impairment charges and includes staff loans.
3. Actuarial Valuation has not been done for Employee Benefits.
4. Personnel Expenses also include provision for staff bonus which has been calculated in line with the provision in Bonus Act.
5. Previous period figures are regrouped/rearranged/restated wherever necessary for consistent presentation and comparison.
6. The interim financial report has been updated in the our website.

नोट: सुपरिवेक्षण गर्ने निकाय तथा बाह्य लेखापरीक्षकले थप/घट गर्न निर्देशन दिएमा परिष्कृत वित्तीय विवरणमा फरक पर्न सक्नेछ ।

Interest Rate

1. Deposit	**7.5%-11.25%**
2. Loan & Advance	**12.88% -15%**

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ अनुसूची १४ (नियम ३६ को उपनियम (१) सँग सम्बन्धित)

आ.व. २०८३/०८४ को पहिलो त्रैमासिक प्रतिवेदन

१. वित्तीय विवरण :

(क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ ।

(ख) प्रमुख वित्तीय अनुपातहरु

प्रति शेयर आम्दानी	मूल्य आम्दानी अनुपात	प्रति शेयर नेटवर्थ	प्रति शेयर कुल सम्पतिको मूल्य	तरलता अनुपात
४६.०३	२६.५७	३२७.४४	२०२१.५९	८.१९

२. व्यवस्थापकीय विश्लेषण :

(क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण : आर्थिक वर्ष २०८३/०८४ को पहिलो त्रैमासिक अवधिमा वित्तीय संस्थाको मौज्दात बढेको छ भने तरलता सामान्य घटेको छ, आम्दानी गत त्रैमासिक भन्दा बढेको छ । साथै गत आ.व.को सोही अवधिको तुलनामा समेत आम्दानी बढेको छ । यस अवधिमा बाह्य पक्षहरुको प्रभाव कम हुँदै जाँदा वित्तीय कारोवारमा सुधारको अवस्था देखिएको छ । लघुवित्त क्षेत्रमा देखिएका समस्याहरु हालसम्म पनि समाधान भईनसकेको तर सुधारको अवस्था देखिएकोले चालु आ.व.२०८३/०८४ को पहिलो त्रैमासिक अवधिसम्ममा संस्थाको आम्दानीमा योजना अनुसारको सुधार देखिएको छ ।

(ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण : राष्ट्रियस्तरको यस लघुवित्त वित्तीय संस्थाले स्थापनाको शुरुदेखि नै वित्तीय पहुँच अभिबृद्धि गराई गरिबी घटाउने, वित्तीय समावेशीकरण बढाउने, लघुवित्त कार्यक्रमको पहुँच नपुगेका ग्रामीण क्षेत्रमा लघुवित्त सेवा विस्तार गर्ने उद्देश्य अनुरुप देशका ३१ जिल्लामा १६० वटा शाखा कार्यालयहरु मार्फत ३,७३,६७२ विपन्न परिवारमा लघुवित्त सेवा पुऱ्याउन सफल भएको छ । यस वित्तीय संस्थामा आवद्ध परिवारको दिगो विकास एवं सुनिश्चित भविष्यका लागि संस्थाले छरिएर रहेको बचत संकलनमा जोड दिदै आईरहेको छ । सदस्यहरुको दिगोपनालाई ध्यानमा राखि उनीहरुमा स्वरोजगार सिर्जना गर्दै लघुउद्यम तथा उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह गरी दिगो व्यवसायिक सफलता हासिल गर्ने तर्फ वित्तीय संस्था अग्रसर रहेको छ । चालु आर्थिक वर्ष २०८३/०८४ मा प्रभावकारी वित्तीय सेवा प्रदान गर्नका लागि प्रविधिको उच्चतम प्रयोगमा सदस्य तथा कर्मचारीको दक्षता एवं कार्यकुशलतामा अभिबृद्धि गर्ने, कर्मचारीको उत्पादकत्व बढाउन एवं आन्तरिक नियन्त्रण प्रणालीलाई अझ प्रभावकारी बनाउन प्रयाप्त मात्रामा तालिम तथा गोष्ठि कार्यक्रमहरु संचालन भईरहेका छन् ।

वित्तीय संस्थाले प्रदान गर्ने सेवा तथा सुविधाहरुलाई सदस्यको आवश्यकता अनुरुप समय सापेक्ष परिष्कृत गर्दै सदस्यहरुमा उद्यमशीलता तथा व्यवसायिक सिप विकासका साथै डिजिटल वित्तीय साक्षरताको अभियानलाई व्यापक रुपमा विस्तार गर्दै लैजान व्यवस्थापन प्रतिबद्ध रहेको छ ।

(ग) विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण : यस अवधिमा लगानीमा रहिरहेको ऋण वृद्धि भएको छ । संचालन मुनाफामा गत आ.ब.को तुलनामा वृद्धि भएको छ । बैंक तथा वित्तीय संस्थाहरु विरुद्ध फैलाईएको विभिन्न नकारात्मक टिका टिप्पणीले वित्तीय संस्थाहरुको कर्जा असुलीमा भएको समस्या सुधार भई नसकेको कारणले वित्तीय संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा असर पार्न सक्ने देखिन्छ । तथापि यस असहज परिस्थितीमा पनि ग्राहक सदस्यहरुले वित्तीय संस्था प्रति देखाएको विश्वास र संयमताले वित्तीय संस्था अझ जिम्मेवार भई कार्य गर्नुपर्ने दायित्व बढेको छ ।

३. कानुनी कारवाही सम्बन्धी विवरण :

(क) संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी सम्बन्धी मुद्दा दायर भएको कुनै सुचना प्राप्त नभएको ।

(ख) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा मुद्दा दायर भएको कुनै सुचना प्राप्त नभएको ।

४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण:

(क) वित्तीय संस्थाको शेयरको कारोवार नेपाल स्टक एक्सचेन्ज मार्फत भईरहेको छ । वित्तीय संस्थाले शेयर मूल्यमा प्रभाव पार्न सक्ने कुनै पनि आधारभूत सूचना प्रचलित ऐन तथा नियमको परिधि भित्र रही प्रवाहित गरिने छ । लगानीकर्ताहरुको यस संस्थाप्रतिको विश्वास उच्च रहेको हुँदा कारोवार मुल्यमा खासै उतारचढाव देखिएको छैन । वित्तीय क्षेत्रमा देखिएका समस्याहरु सुधार हुँदै जाँदा शेयर मूल्यमा पनि सुधार आउने अवस्था रहेको छ ।

(ख) नेपाल स्टक एक्सचेन्जको वेभसाइट अनुसार गत त्रैमासिक अवधिमा शेयरको कारोवार निम्नानुसार भएको देखिन्छ ।

अधिकतम मूल्य (रु.)	न्यूनतम मूल्य (रु.)	अन्तिम मूल्य (रु.)	कारोवार भएको कूल दिन	कारोवार संख्या
१,३२९.००	१,१८७.५०	१,२२३.००	६१	५,०५१

५. समस्या तथा चुनौती:

क) आर्थिक संकटबाट सिर्जित समस्याका कारण समुदायमा आर्थिक क्रियाकलापमा कमि देखिएको छ ।

ख) सदस्यहरुको व्यवसाय तथा आय आर्जन प्रभावित भएको छ ।

ग) ग्राहक वर्गमा वित्तीय अनुशासनको कमी देखिएको छ ।

घ) निष्क्रिय कर्जा न्यूनिकरण गरी कर्जा गुणस्तर वृद्धि गर्न चुनौती रहेको छ ।

ङ) हालको अवस्थामा कर्मचारीहरुलाई उच्च मनोबलका साथ फिल्डमा काम गर्न समस्या रहेको छ ।

च) लघुवित्त विरुद्धको भ्रामक समाचार तथा गतिविधिले लघुवित्त क्षेत्रलाई नै प्रभाव पार्न सक्ने समस्या रहेको छ ।

६. संस्थागत सुशासन :

नियमनकारी निकायसँग सम्बन्धित ऐन, कानुन तथा नीति नियम एवं निर्देशन अनुरुप संस्थागत सुशासन कायम राख्न वित्तीय संस्था कटिबद्ध र प्रतिबद्ध रहदै आएको छ । नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुको साथै प्रचलित ऐनहरु तथा कानुनहरुको परिपालनामा विषेश ध्यान दिदैं आफ्ना शेयरधनी, सर्वसाधारण सदस्यहरु लगायत सम्पुर्ण सरोकारवालाहरुको हितको संरक्षण तथा सम्बर्द्धन गर्न वित्तीय संस्था सदैव प्रतिबद्ध रहेको छ । वित्तीय संस्थाको प्रवन्धपत्र नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, संस्थागत सामाजिक उत्तर दायित्व कोष संचालन कार्यविधि,कर्जा अपलेखन विनियमावली, कर्जा नीति तथा बचत परिचालन निर्देशिका, ग्राहक संरक्षण कोष संचालन कार्यविधि, आन्तरिक लेखा परीक्षण कार्यविधि एवं अन्य आवश्यक नीति नियम तथा निर्देशिकाहरु बनाई त्यसको पालना गरिएको छ । वित्तीय संस्थाको कारोवारलाई व्यवस्थित गरी चुस्त, दुरुस्त बनाउन एवं आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन सञ्चालक समितिका साथै लेखा परीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति, सम्पत्ति शुद्धीकरण अनुगमन समिति लगायत विभिन्न समिति तथा उपसमितिहरु गठन गर्नुका साथै नेपाल राष्ट्र बैंकको निर्देशनहरुको पालना गर्न व्यवस्थापन तथा सञ्चालक समिति क्रियाशील रहेको छ ।

७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :

आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा, म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै, म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् । लगानीकर्ताहरुलाई सु-सूचित निर्णय लिन आवश्यक कुनै विवरण, सुचना तथा जानकारीहरु लुकाइएको छैन ।

८. नियम ३६ को उपनियम (५) सँग सम्बन्धित विशेष घटना वा परिस्थिती सम्बन्धी विवरण : छैन ।